

# सिमान्तकृत समुदायको सशक्तिकरणमा

## सामाजिक परिवार


| अंक - ३ | कार्तिक २०६६ | पेज १ |
|---|---|---|


समग्र

बुलेटिन

### समग्रको ३० औं साधारण सभा सम्पन्न

समग्र विकास सेवा केन्द्रको ३० औं साधारण सभा २०६६ साल आश्विन २३ गते संस्थाका अध्यक्ष श्री वालकृष्ण लाल जोशीको अध्यक्षतामा चावहिल, काठमाडौंमा सम्पन्न भयो । यस साधारण सभाले आगामी २ वर्षका लागि निम्नानुसारको ९ सदसीय समावेशी कार्यसमिति निर्वाचित गरेको छः




१. अध्यक्ष - वालकृष्ण लाल जोशी, ललितपुर
२. उपाध्यक्ष - लक्ष्मण प्रसाद ज्ञवाली, गुल्मी
३. महासचिव - दुर्गादत्त घिमिरे, नवलपरासी
४ कोषाध्यक्ष - चमेली प्रधान, ललितपुर
५. सचिव - रुपा विश्वकर्मा, बाग्लुङ्ग
६. सदस्य - डा. छेकी शेर्पा, काठमाण्डौ
७. सदस्य - मीना देवी चौधरी, उदयपुर
८. सदस्य - सन्त बहादुर तामाङ्ग, धादिङ्ग
९. सदस्य - दुर्गा नन्द सदा, सप्तरी




साधारण सभाको उद्घाटन समारोहका प्रमुख अतिथी लुम्विनी बिकास कोषका उपाध्यक्ष आचार्य कर्मा साङ्वो ले ३० वटा मैनबत्ती प्रज्वलन गर्दै वौद्ध विधि अनुसार स्थायी शान्ति तथा मुलुकको दिगो विकासका लागि पूजा र मन्त्रोत्चारणवाट उद्घाटन गर्नुभयो । उहाँलाई लामाहरु र अथितीहरुले सघाउनु भएको थियो । सो उद्घाटन कार्यक्रममा आफ्ना शुभकामना मन्तव्य राख्नुहुँदै प्रमुख अतिथीले समग्र नाम आफैमा समसामयीक छ । मानिस पेट पाल्नको लागि मात्र जन्मिएको होइन, अरुको लागि पनि केही गर्नुपर्ने उनीहरुको कर्तव्य छ । थोरै मान्छे मात्र त्यस्ता छन्, जो अरुको लागि पनि स्मरणीय हुन्छन् । मनोवल बढाएर कार्य गरेमा फल अवश्य पाइन्छ । समग्रले गरेका धेरै पुण्यकर्महरु प्रशँसायोग्य छन् । त्यस्ता कठीन स्थानमा गरेका पुण्यकर्महरु काठमाडौंको महलमा बस्नेले देख्न सक्दैन तर त्यसको अनुभव स्थानीय वासिन्दाहरुले गरिरहेकाछन् । समग्रले विगतमा गरेको कार्य अनुभवको आधारमा रुइला भन्ज्याङ्गदेखि नाम्रुङ्गसम्मको मोटर बाटो र न्याकफेदीको पुल निर्माण पूरा गरिदिन हुन अनुरोध गर्दछु भन्नु भयो ।

कार्यक्रमका अतिथी समाज कल्याण परिषदका निर्देशक डा. मदन रिमालले आफ्नो शुभकामना मन्तव्य दिँदै भन्नुभयो, “साधारण सभा भविष्यको बाटो निर्धारण गर्न महत्वपूर्ण रहन्छ । धादिङ्ग तसर्पुको जनभोजन कार्यक्रबाट म ज्यादै प्रभावित छु । समग्रलाई समाज कल्याण परिषबाट गर्नुपर्ने सहयोग उपलव्ध गराउने प्रतिवद्धता व्यक्त गर्दछु । सामाजिक लेखापरिक्षण जस्ता कार्य गरेर समग्रले पारदर्शिताको नमूना प्रदर्शन गरेको छ । समग्रले व्यवसायिक दक्षता र प्रजातान्त्रिक विधिसम्मत रुपमा अगाडि बढ्न, चुस्त र कर्मठ कार्यसमिति चयनको लागि यो साधारण सभा सक्षम हुनेछ ।” त्यसै गरी डानिडा हुगोका मुकुन्द कट्टेलले समग्रले जे गर्दैछ त्यसमा संस्थाको सहमति जनाउँदै समग्र र







डानिडा/हुगोले साझेदारी विगत केही वर्षदेखि गर्दै आएकामा सामाजिक परिवार मार्फत तपाईहरुले धेरै कुरा गर्न खोज्नु भएको छ तर स्रोत त्यति जुटि सकेको छैन, त्यसको लागि डानिडा/हुगोको पनि सहयोग हुनेछ भन्नुभयो । शुभकामना दिनुहुदै राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत भानुभक्त आचार्यले विगत लामो समयदेखि समग्र र आयोगले सहकार्य गर्दै आइरहेको जानकारी दिनुभयो ।

संस्थाका कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेलले संस्थागत जानाकारीको रुपमा समग्रको विगत, वर्तमान तथा ५ वर्षे तयनितिक साझेदारी योजना सम्बन्धी विवरण प्रस्तुत गर्नुभयो । समग्रका महासचिव दुर्गादत्त घिमिरेले संचालन गर्नुभएको यस उद्घटन कार्यक्रममा धन्यवाद ज्ञापन गर्नुहुदै कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले सबै पक्षको सहयोग र हातेमालोबाट संस्था यो रुपमा आईपुगेको विचार व्यक्त गर्नुभयो । कार्यसमिति सचिव रुपा विश्वकर्मा सहितको सांस्कृतिक टोलीले प्रस्तुत गरेको मिठो स्वागत-गीत र उपाध्यक्ष लक्ष्मण प्रसाद ज्ञवालीको स्वागत-मन्तव्यवाट शुरु गरिएको उद्घाटन कार्यक्रममा समग्रका कार्य समितिका पदाधिकारी, सदस्यहरु, साधारण सदस्यहरु, कर्मचारी तथा आमन्त्रीत अतिथिहरुको सहभागीता थियो ।

समग्रका अध्यक्षले अध्यक्षता र सचिवले सञ्चालन गर्नुभएको साधारण सभाको बन्द शत्रमा निर्वाचन समिति, प्रतिवेदन लेखन समिति र निर्णय लेखन समितिको गठन पश्चात महासचिवले प्रस्तूत गर्नुभएको प्रगति प्रतिवेदन र भावी कार्यक्रम छलफल गरी पारित गरियो । त्यसपछि कोषाध्यक्षबाट प्रस्तूत भएको लेखा परिक्षण प्रतिवेदन सहितको यथार्थ आयव्यय विवरण र भावी बजेट छलफल गरी पारित गरियो । लेखा परिक्षकको नियुक्ति, आन्तरिक लेखा परिक्षकको नियुक्ति र अडिट कमिटि गठन सम्बन्धि निर्णयहरु पारितपछि अध्यक्षज्यूले मौजुदा कार्यसमिति बिघटन भएको घोषणा गरी नयाँ कार्यसमितिको प्रक्रिया अगाडि बढाउन सभा निर्वाचन समितिलाई हस्तान्तरण गर्नुभयो ।

निर्धारित निर्वाचन कार्यतालिका अनुसार निर्वाचन प्रक्रिया सम्पन्न गरी निर्वाचन समितिका संयोजक होमाकान्त चौलागाईले निर्वाचित उम्मेदवारहरुको नाम घोषणा गर्नुभयो र उहाँहरुलाई तोकिएको ढाँचामा सपथ ग्रहण गराउनुभयो ।

त्यसपछि आयोजित समापन समारोहमा उहाँबाट नव निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई निर्वाचन समितिको तर्फवाट प्रमाण पत्र वितरण गरियो । समापनको क्रममा वक्ताहरुले नयाँ कार्यसमिति निर्वाचन प्रजातान्त्रिक प्रणालीबाट वडो सौहाद्रपूर्ण वातावरणमा सम्पन्न भएकोमा खुशी व्यक्त गर्दै निर्वाचित पदाधिकारीहरुलाई वधाई ज्ञापन गर्नुको साथै उहाँहरुको कार्यकालमा समग्रको उन्नति र प्रगतिको लागि शुभकामना व्यक्त गर्नुभयो । यसरी विचार व्यक्त गर्नेहरुमा कार्यकारी निर्देशक डोरनाथ न्यौपाने, पूर्व कोषाध्यक्ष मथुरा परियार, क्षेत्रीय संयोजक दुर्गा प्रसाद महतो लगायत हुनुहुन्थ्यो । निर्वाचन समितिका संयोजक होमकान्त चौलागाइँले निर्वाचित समितिलाई वधाई तथा शुभकामना दिदै कार्यक्रमको समापन गर्नुभयो ।

## साधारण सभामा महासचिवबाट प्रस्तूत भएको प्रतिवेदनको मुख्य अंशहरु

**दुई पाटे नीति** : समग्रले अधिकारमूखि विकास र दिगो जिविकोपार्जन (आयआर्जन,पूर्वाधार निर्माण) गरी दुई पाटे तयनीतिक कार्य योजना सार्वजनिक ग¥यो । माथि उल्लेखित कामलाई कार्यान्वयन गर्नका लागि डेनिडा/हुगोले पहिलो अधिकारमूखि कार्यकमलाई कार्यान्वयन गर्नका लागि थप दुई वर्षलाई सघायो भने इन्फीन/य.ुयस.ए.आई.डि.ले उत्तरी गोरखाको घोडेटो वाटो निर्माणमा साझेदारी ग¥यो । यी दुवै काम आफैमा रोमाञ्चक रह्यो ।

**एकातिर** आफ्नो हक अधिकार कसरी प्राप्त गर्ने भन्नेमा स्थानीय जनता खास गरी दलित/जनजाति र महिलाहरु तालिम प्रशिक्षण प्राप्त गर्दै अगाडि वढे । यसैको उपलव्धि स्वरुप सामाजिक परिवार सप्तरी लोहजाराकी रमणी राम जस्ता महिलाहरु संविधान सभा सदस्यसम्म हुन पुगे भने ४५० जना महिला/पुरुष स्थानीय विभिन्न संघ संस्थाहरुको नेतृत्व तहमा पुगे ।

**दोश्रो पाटो** अन्तरगत द्वन्द्वले जर्जर भएको ग्रामीण अर्थतन्त्र, त्यसमा पनि उत्तरी गोर्खा जस्तो क्षेत्रमा ९१ कि.मि घोडेटो वाटो निर्माण गरी चार करोड भन्दा माथिको आर्थिक स्रोत स्थानीय वासिन्दाले श्रम गरे वापत कमाए । अर्का तर्फ आफ्नै नेतृत्वमा घोडेटो बाटो निर्माण गरे । धेरै सहकारी संस्थाहरु स्थापना भए भने समग्र आफै संस्थागत हुदै अगाडि वढेको छ ।

## २०६५/०६६ का प्रमुख कार्यहरुः-

कं) समग्रले आगामी १५ वर्षीय (२०६५-२०८०) ग्रामीण विकासको परिकल्पना सहितको पञ्चवर्षीय रणनीति साझेदार कार्ययोजना २०६५/०७० तयार पार्न २०६५ श्रावणदेखि २०६५ मंसिरसम्म ग्रामीण तहका आयआर्जन समिति / सामाजिक परिवार सम्वन्धित जिल्ला तहका विकास, न्याय, प्रशासन, सुरक्षा, गै.स.स.हरु र अन्य संघ संस्था संग छलफल र क्षेत्रीय कार्यालयहरुसंग छलफल गरी खाका तयार ।

ख) गाउँ, जिल्ला र क्षेत्रवाट प्राप्त खाकालाई केन्द्रीय तहमा छलफल गर्दै सो को तयारी पूरा ।

ग) २०६५ पौषदेखि चैत्र मसान्तसम्म विभिन्न दातृ निकायहरुसंग समग्रले तयार पारेका आगामी पञ्च वर्षीय योजना माथि छलफल, सुझाव र सहयोगका लागि आग्रह ।



घ) २०६६ वैशाखदेखि जेठ मसान्तसम्म तयारी योजना पुनः ग्रामीण इलाका सरोकारवाला र यससंग सम्वन्धित अन्य संग छलफल गरी अन्तिम रुप दिइयो ।

ङ) २०६६ आषाढ ८ गते समग्र, डेनिडा/हुगो र प्राटिकल एक्सन विच समग्रको आगामी कार्यक्रममा आफ्नो संस्थाको तर्फवाट सम्भव भए सम्मको सहयोग पुर्‍याउने पत्रमा हस्ताक्षर भयो ।

च) २०६६ आषाढ ३ गते २०६५/०६६ देखि २०६९/०७० सन् २००९-२०१३ सम्मका लागि समग्रको रणनीतिक साझेदारी कार्यक्रमलाई सघाउनका लागि समग्र र डेनिडा विच सम्झौता । जसमा डेनिडाका तर्फवाट महामहिम राजदुत फिन थिल्स्टेड र समग्रका तर्फबाट संस्थाका अध्यक्ष श्री वालकृष्ण लाल जोशीले हस्ताक्षर गर्नु भै साझेदारी कार्यक्रमले २०६६ आषाढ १७ गते पहाड तर्फ धादिङ्ग, गोरखा, लमजुङ्ग र तराई तर्फ सप्तरी, सिरहा, उदयपुर, धनुषा र महोत्तरी गरी आठ जिल्लामा कार्यक्रम संचालन गर्ने कार्यको थालनी भयो ।

यस अन्तरगत गोरखाको गोरखा वजार र सिरहाको लहानमा क्षेत्रीय कार्यालयहरु, धादिङ्गको गजुरी, लमजुङ्गको वेसीशहर, सप्तरीको राजविराज र उदयपुरको गाईघाटमा जिल्ला सर्म्पक कार्यलयहरु निरन्तर संचालनमा छन् ।

## २०६५/०६६ का प्रमुख उपलब्धिहरु
:

१ अधिकारमुखी विकासको अवधारणा तथा द्वन्द्व व्यवस्थापन संवन्धी तालिम संचालनवाट समग्रका कर्मचारीहरु, साधारण सदस्य तथा कार्यसमितिका सदस्यहरुको ज्ञान, सीपको अभिवृद्धि भएको छ । जसले गर्दा अभियानलाई उपलव्धीमूलक बनाउन थप टेवा पुगेको छ । संस्थाभित्र अधिकारमुखी विकासको अवधारणा र द्वन्द्व व्यवस्थापन संवन्धी विषयमा तालिम चलाउन सक्ने केन्द्रमा ५ जना र जिल्ला तहमा १२ जना जनशक्ति उत्पादन भएको छ ।

२ क. सामाजिक परिवारको छनौट गर्दा दलित, उपेक्षित र दुर्गम बस्तिहरुमा रहेका समुदायहरुलाई प्राथमिकता दिईएको हुँदा राज्यको श्रोत साधनवाट बञ्चित, उपेक्षित र उत्पीडित सिमान्तकृत समुदायहरु यस अभियानमा समेटिएका छन् । सामाजिक परिवारको माध्यमवाट ती समुदायहरु संगठित हुँदै आ-आफ्नो हक अधिकारको दावी गर्न सशक्त भएका छन् ।

ख. मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनमा उल्लेखनीय टेवा पुगेको छ । तराईका जिल्लाहरुमा २८ र पहाडी जिल्लाहरुमा २९ गरी थप ५७ जना नयाँ मानव अधिकार तथा संविधान-सभा सम्बन्धि प्रशिक्षकहरु तयार भई सो सम्बन्धि बिषयहरुमा उनीहरुले स्वतस्फूर्तरुपमा प्रशिक्षण संचालन गर्न थालेका छन् ।

ग. द्वन्द्व व्यवस्थापनमा सहयोग पुगेको छ । सामाजिक तथा घरायसी रुपमा हुने गरेको झगडाहरु सा.प.ले मिलाउँदै आएका छन् । झगडाहरु कम हुदै गएको पाइन्छ । यस अवधिमा ५०० सय भन्दा वढी अन्तरपारिवारिक तथा अन्तरदलित झगडाहरु मिलाईएको छ । पहाडमा ३५ र तराईमा २० गरी ५५ विस्तापित परिवारहरु आफ्नो घर फर्किएका छन् । मधेशमा चलिरहेको पहाडिया र मधेशी विचको अन्तरद्वन्द्वमा कमी आएको छ । सामाजिक परिवारको प्रयासमा अभियान संचालन भएको स्थानवाट कोही पनि पहाडियाहरुले आफ्नो वासस्थान छाड्नु परेन ।

३ बिभिन्न समयहरुमा संचालन भएका सार्वजनिक सुनवाईहरुवाट बर्षौदेखि पिडा भोग्दै आएका पिडितहरुको समस्या उजागर भई सम्बन्धित निकायले सो समस्या समाधानको लागि पहल गरिदिएका छन् । सेवादायी

निकायहरु आफ्नो सेवा प्रवाहमा सरोकारवालाहरुले भोग्नु परेको मर्का सम्बन्धि जानकारी हासिल गरी छिटो र छरितो किसिमबाट सेवा प्रवाह हुन थालेको छ । सार्वजनिक सेवा र स्रोतको दुरुपयोग रोक्न संवन्धित निकायहरुलाई सजिलो भएको छ ।

४. आफ्नै वचतले गर्दा सामाजिक परिवारका सदस्यहरुको आय स्तरमा बृद्धि भएको छ । साहु खोज्न जानु नपर्ने भएको हुँदा गाउँमा लिँदै आएको चर्को व्याजको प्रथामा कमी आएको छ भने आफ्नो कोषको परिचालनबाट कोषको बृद्धि हुनुका साथै सामाजिक परिवारहरुले आयमूलक कार्यमा सरिक हुँदा सदस्यहरुको व्यक्तिगत आयमा समेत बृद्धि भएको छ । १० वटा सहकारी नयाँ दर्ता भएका छन् भने अन्य ३१ वटा पुराना सहकारी संस्थाहरुलाई संस्थागत गर्न सहयोग पुर्‍याई सामाजिक परिवारका सदस्यहरु आवद्ध रहेका छन् । सामाजिक परिवारहरुले विभिन्न सेवादायी निकायहरुमा समन्वय गरी यस अवधीमा ३ करोड २७ लाख ९३ हजार बरावरको र अघिल्लो वर्षमा ५ करोड वरावरको गरी कुल ८ करोडभन्दा वढी श्रोत साधनहरु प्राप्त गरी रचनात्मक कार्यहरुमा उपभोग गरेका छन् ।

**पञ्च वर्षीय रणनीतिक साझेदारी**

समग्रले २०६५/०७० लाई आधार मानेर पञ्च वर्षिय रणनीतिक साझेदारी कार्यक्रम तयार गरी हाल कार्यान्वयन गर्दै आएको छ । आगामी पाँच वर्षका लागि के-के गर्ने, कसरी गर्ने, के उपलव्धि प्राप्त गर्ने, साझेदारीमा कसरी जाने आदि विषयमा पञ्च वर्षिय तयनीति तयार गरी डेनिडा/हुगो र प्राक्टीकल एक्सनसंग सम्भौता गरीयो । डेनिडा/हुगोसंग आगामी वर्षको कार्यक्रम योजना तथा वजेटमा दुवै संस्थाविच हस्ताक्षर भै कार्यान्वयन भै रहेको छ जस अर्न्तगत आठ वटा जिल्लाहरु धादिङ्ग गोरखा, लमजुङ्ग, सप्तरी, सिरहा,उदयपुर धनुषा र महोत्तरीमा सामाजिक परिवार मार्फत कार्यक्रम संचालन भै रहेको छ । आगामी पाँच वर्षमा मुलुकका २५ जिल्लामा यो कार्यक्रमलाई विस्तार गर्ने र आउँदो १५ वर्ष (२०६५-२०८०) सम्ममा ७५ जिल्लामा सामाजिक परिवार गठन भै कार्यक्रम संचालन गर्ने लक्ष्य यस संस्थाको रहेको कुरा यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

**आ.व.२०६६/६७ मा संचालन भैरहेको र हुने कार्यक्रमः** **सिमान्तकृत समुदायको सशक्तिकरण अभियान**

**कार्यस्थलः** सिरहा,सप्तरी,उदयपुर,गोरखा, धादिङ्ग, लमजुङ्ग, धनुषा र महोत्तरी जिल्ला
**सा.प.को संख्याः** २८५, **घरधुरी संख्याः** ८६०० **लाभान्वित जनसंख्याः** ५०,०००

**मुख्य कृयाकलापहरु :**

१. **मानव अधिकारको संवर्द्धन र प्रवर्द्धनः** मानव अधिकारको अनुगमन, सामाजिक समावेशीकरणको लागि राष्ट्रिय स्तरको वकालत, मानव अधिकार उल्लंघन विरुद्ध सचेतना अभियान, सामाजिक लेखाजोखा / सार्वजनिक सुनुवाई

२. **सिमान्तकृत समुदायका महिला र पुरुषहरुको सशक्तिकरण :** सामाजिक परिवार परिचालन, केन्द्रीय/क्षेत्रीय/जिल्ला स्तरको मानव अधिकार, द्वन्द्व व्यवस्थापन तथा क्षमता अभिवृद्धि तालिम, नयाँ संविधानमा अशल शासन तथा सामाजिक समावेशीकरणमा लागि यूवा सचेतना गोष्ठि, अवलोकन भ्रमण, सेवादायी निकाय विच संजाल स्थापना, अन्तरक्रिया, दवावमूलक भेटघाट, समग्रको संस्थागत क्षमता वृद्धि आदि ।



३. **सामाजिक मेलमिलाप र सहिष्णुताः** द्वन्द्व व्यवस्थापनका कार्यहरु, दिगो शान्तिका लागि सरोकारवालाहरु विच अन्तरक्रिया, पुर्नस्थापना तथा मेलमिलाप संवन्धी कार्यहरु ।

४. **समुदायमा आधारित स्वावलम्वी संगठनहरुको संस्थागत विकासः** सामाजिक परिवार र सहकारी संस्थाहरुको स्रोत व्यवस्थापन, सहकारी संस्थाहरुको लागि सहजिकरण, सहकारी व्यवस्थापन तथा लेखापालन तालिम ।

५. **व्यवसायिक तालिम तथा परम्परागत सीपको संरक्षण र प्रवर्द्धनः** व्यवसायिक तथा सीपमूलक तालिम, केन्द्रीय घुम्ती कोषको व्यवस्थापन तथा परिचालन ।

६. **ग्रामिण पूर्वाधार/सेवाहरु निर्माण, मर्मत सम्भार तथा वातावरण संरक्षणः** गोडेटो/घोडेटो तथा पर्यटन मार्ग तथा झोलुङ्गे / काठे पुल निर्माण, हरित सडक निर्माण तथा मर्मत, विद्यालय / स्वास्थ्य चौकी तथा सामुदायीक भवन निर्माण, खानेपानी ।

**साधारण सभामा कोषाध्यक्षबाट प्रस्तुत भएको आयव्यय विवरण तथा भावी बजेटको सारांशः**

| आ.ब. ०६५/०६६ | |
|---|---|
| **आम्दानी तर्फ** | |
| गत आ.ब. को मौज्दातबाट | रु.१३,४३,००० |
| डानिडा हुगोबाट | रु.३७,८८,००० |
| डानिडा हुगोसंग सम्झौता भएको कार्यक्रमबाट (चालू आ.व.को लागि) | रु.५०,००,००० |
| ओभरहेड सहित संस्थागत आम्दानीबाट | रु.७,५२,००० |
| **कुल आम्दानी** | **रु.१,०८,७३,०००** |
| **खर्च तर्फ** | |
| प्रशासनिक तथा ओभरहेड सहितको खर्च | रु.१०,७१,००० |
| कार्य क्रम संचालन खर्च | रु.३७,९५,००० |
| **कुल खर्च** | रु.४८,६१,००० |
| **आ.ब. ०६५/०६६को बचत** | रु.६०,१२,००० |

| आ. ब. ०६६/०६७ को अनुमानित वजेट | |
|---|---|
| **आम्दानि तर्फ** | |
| आन्तरिक श्रोत रिभल्विङ्ग फण्ड समेत | रु.१,०२,७१,००० |
| बाह्य दातृ निकायबाट | रु.९१,००,००० |
| **कुल जम्मा** | **रु.१,९३,७१,०००** |
| **खर्च तर्फ** | |
| प्रसासनिक खर्च | रु. ३५,५६,००० |
| कार्यक्रम खर्च-बाह्य श्रोत | रु. ५८,१५,००० |
| कार्यक्रमको लागि रिभल्विङ्ग फण्ड परिचालन | रु.१,००,००,००० |
| **कुल जम्मा** | **रु.१,९३,७१,०००** |

## आश्विन महिनाभरी सञ्चालित/सम्पन्न केही गतिविधिहरुः

१. **समग्रको आर्थिक नियमावली परिमार्जनको** क्रममा यसको मस्यौदा माथि कार्यसमिति, कर्मचारीहरु तथा सामाजिक परिवार प्रतिनिधिहरुसँग अन्तरकृया गरियो । त्यसैगरी **अनुगमन तथा मूल्याँकन प्रणाली र कर्मचारी नियमावली**को परिमार्जन कार्य पनि शुरु भइसकेको छ ।

२. **आर्थिक नियमावली सम्बन्धि** कार्यसमिति सदस्य तथा आर्थिक कारोबारमा संलग्न कर्मचारीहरुलाई **अभिमुखिकरण कार्यक्रम** समग्रको केन्द्रीय कार्यालयमा सम्पन्न भयो ।

३. **समग्रको वेभसाइट** www.samagra-nepal.org लाई नयाँ रुपमा ढाली यसमा भएका सामग्रीहरुलाई अध्यावधिक गरियो ।

४. **सम्पन्न भएका अन्य नियमित कृयाकलापहरुः**

| कृयाकलाप | | कार्यक्रम संख्या | सहभागी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १.१ | स्थानीय तहमा मानव अधिकारको अनुगमन | १ | १८ | ०६ | २४ |
| १.३ | जातीय विभेद र अन्य प्रकारका मानव अधिकार उल्लङ्घन विरुद्ध जनचेतना अभियान | ३ | १३० | ५४ | १८३ |
| २.२ | कार्यक्रम पूर्व अध्ययन | २ | ५२ | ६२ | ११४ |
| २.१० | समन्वय / संजाल स्थापना / माग पत्र पेश / लविङ्ग भ्रमण | ६ | ८ वटा सेवादायी संस्थाहरु | | |
| ३.१ | अन्तरजातीय मिलान / द्वन्द व्यवस्थापन कार्य | ३ | १७ | ३८ | ५५ |
| ३.२ | दिगो शान्तिका लागि सरोकारवालाहरु विच अन्तरक्रिया | २ | २ | ३६ | ३८ |
| ३.४ | शान्ति स्थापना तथा मेलमिलाप कार्यक्रम | १० | | | १,३०४ |

५. यस महिनामा सामाजिक परिवारको सक्रियतामा दावी गरी प्राप्त भएका अधिकार/श्रोतहरु:

| विवरण | परिमाण |
|---|---|
| व्यक्तिगत घटना दर्ता | १० |
| नागरिकता प्र.प. प्राप्ती | ६ |
| छात्रबृति पाउने बच्चाको संख्या | २ |
| बृद्ध, असहाय, विधवा भत्ता पाउने | ४४ |
| नेतृत्व तहमा पुग्ने | ४ |
| शीपमूलक तालिम प्राप्त गर्नेको संख्या | १२ |
| पूर्वाधार निर्माण/सुधार र वातावरण सम्बन्धि कार्यको लागि ( रकम रु मा) | रु १४,७८,००० (३१५ घरपरिवार लाभान्वित) |

जनचेतना अभियानका विविध माध्यममध्ये एक - गीती कविता

## बन्दको पीडा

कैले पहाड तिर बन्द कैले त तराई,
भन्दे मात्र पुग्छ बन्द भै हाल्छ डराई ।

जुनसुकै घट्नामा नि टायर बाली सडक तताउने,
जे भए पनि बन्दै गरी जनतालाई सताउने ।

बन्द सफल भयो भन्दै आव्हानकर्ता फुर्ती लाउने गर्छन् ,
सधैँजसोको बन्दवाट जनताले कति सास्ती पाउने गर्छन् ।

यसलाई पनि सबैले गर्नै पर्छ मनन् ,
आफ्नो अधिकार खोज्दा अरुको नगरौं हनन् ।

बन्दको चपेटमा सयौं अलपत्रमा परेको नि सुनिन्छ ,
अशक्त नागरिकहरु कयौं अकालैमा मरेको नि सुनिन्छ ।

ठूलै पराक्रम गर्‍यौं भन्ने ठान्छन् आन्दोलनकारी,
बन्द हड्तालबाट नेपाली जनता भइसके दिकदारी ।

बलभद्र राउत “वटुवा”, बरिष्ठ उत्प्रेरक, समग्र, लमजुङ्ग

सम्पर्कको लागि ठेगाना:
समग्र विकास सेवा केन्द्र, हस्पिटल मार्ग, चावहिल, पो.व. नं. - १३२७८, काठमाण्डौ,
फोन नं. ४४६९६४९, इमेल: samagra@mcmail.com.np, वेभसाइट: www.samagra-nepal.org